कोशी प्रदेश सरकार

उद्योग, कृषि तथा सहकारी मन्त्रालय

पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

# भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र,

पाँचथर, नेपाल

पत्र संख्या-२०८२/०८३

चलानी नं.

मितिः २०८२/१२/१०

ने.सं.११४६ चौल्लाथ्व, षष्ठी

## बर्डफ्लु रोग सम्बन्धि अत्यन्त जरुरी सूचना

नेपालमा बर्डफ्लु रोगको नियमित निगरानी हुँदै आएको सन्दर्भमा हाल कोशी प्रदेशको मोरङ, सुनसरी र झापा जिल्लाका विभिन्न स्थान तथा फर्महरुमा पालिएका कुखुराहरुमा केन्द्रिय पशुपन्छी रोग अन्वेषण प्रयोगशालाबाट गरिएको परिक्षणबाट मिति २०८२/१२/०४ गते **Highly Pathogenic Avian Influenza- H5N1** (बर्डफ्लु) रोग पुष्टि भएको छ। साथै यो रोग तीव्र गतिमा फैलिरहेको र कुखुरामा मृत्युदर समेत उच्च रहेको छ ।

बर्डफ्लु रोग पुष्टि भएका क्षेत्रहरुमा बर्डफ्लु नियन्त्रण नियमावली, २०७८ बमोजिम नेपाल सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालय र पशु सेवा विभाग मार्फत पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय कोशी प्रदेश, पशुपन्छी रोग अन्वेषण प्रयोगशाला, बिराटनगर र सम्बन्धित निकायहरुबाट आकस्मिक रोग अन्वेषण टोली खटाई उक्त टोलीले सिफारिस गरे बमोजिमको चारकिल्ला क्षेत्रलाई बर्डफ्लु प्रभावित क्षेत्र घोषणा गरी सोहि नियमावली बमोजिम रोग नियन्त्रण कार्य सञ्चालन अन्तर्गत प्रभावित क्षेत्रका घरपालुवा पन्छी, पन्छीजन्य पदार्थ वा पन्छी उत्पादन सामाग्री नष्ट गरी निःसंक्रमण कार्य भई रोग पुष्टि भएको क्षेत्रबाट अन्यत्र रोग फैलिन नदिई तत्काल रोग नियन्त्रणमा राख्न संघ, प्रदेश र स्थानीय तहका सम्बन्धित निकायहरु परिचालित भई रोग नियन्त्रणको कार्य भईरहेको छ।

**बर्डफ्लु रोगलाई पूर्ण रुपमा नियन्त्रणमा राख्न निम्नानुसारका बिषयमा ध्यान दिई निरन्तर सहयोग गरिदिनु हुन आम जनसमूदाय लगायत सम्पूर्ण सरोकारवालाहरुलाई हार्दिक अनुरोध गर्दछौं ।**

**तपसिल**

१. पन्छी फर्महरुमा अनावश्यक व्यक्ति र सवारी साधनहरुलाई प्रवेश नगराउनु हुन ।

२. फर्म परिसरभित्र प्रवेश गराउनै पर्ने भएमा निःसंक्रमण गरेर मात्र प्रवेश गराउनु हुन ।

३. एक फर्ममा काम गर्ने व्यक्ति अर्को फर्ममा नजानु हुन ।

४. प्रयोग भैसकेको अण्डा राख्ने कागजको क्रेट पूनःप्रयोग नगर्नु हुन ।

५. फर्म/खोर प्रवेश गर्ने ढोकामा अनिवार्य रुपमा चुना लगायतका निःसंक्रामक औषधि राखिएको फुटवाथ प्रयोग गर्नु हुन र प्रत्येक पटक प्रवेश गर्दा फुटवाथमा टेकेर वा स्प्रे गरेर मात्र फर्ममा प्रवेश गर्नु हुन ।

६. खोरभित्र प्रवेश गर्दा छुट्टै गमबुट र एप्रोनको प्रयोग गर्नु हुन ।

७. खोर भित्र र बाहिर दैनिक रुपमा निःसंक्रमण गर्नु हुन ।

८. फर्म परिसरभित्र कुकुर, बिरालो, मुसा लगायतका अन्य पशुपन्छी प्रवेश गर्न नसक्ने व्यवस्था गर्नु हुन ।

९. मरेका पन्छीहरुलाई यथासक्य छिटो सुरक्षित तवरले खाडलमा गाड्ने व्यवस्था मिलाउनु हुन ।

१०.पन्छी फर्ममा काम गर्ने व्यक्तिहरुले व्यक्तिगत सुरक्षाका उपायहरु अवलम्बन गर्ने, नियमित हातखुट्टा धुने र स्वास्थ्य सम्बन्धि कुनै समस्या देखिएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्नु हुन ।

११.संक्रमित क्षेत्रबाट पन्छी तथा पन्छिजन्य उत्पादनको ओसारपसार नगर्नु हुन साथै अन्य क्षेत्रबाट समेत ओसारपसार गर्दा अनिवार्य रुपमा भेटेरिनरी प्रमाणपत्र लिएर मात्र गर्नु/गराउनु हुन ।

*पुनश्चः अकस्मात धेरै संख्यामा पन्छी बिरामी परेमा तुरुन्त नजिकैको पशुपन्छी सेवा शाखा वा भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, पाँचथरमा जानकारी गराऔं ।*

निरज कुमार भट्टराई
कार्यालय प्रमुख

फोन नम्बर ०२४-५२२१२७/५२२४६९

email- vhlsec.panchthar@koshi.gov.np

website -vhlecpanchthar.p1.gov.np